## २४ औं नगरपरिषदबाट भएका निर्णयहरु

**निर्णय नं. १.** आर्थिक बर्ष २०७४/०७५ का लागि नगरपालिका कोष तर्फको राजश्व संभाव्यता प्रतिवेदन समेतका आधारमा नगरपालिका कोष तर्फ रु.४,६६,८२,०००।- नेपाल सरकार चालु तथा पूँजिगत अनुदान तर्फ रु.१५,४५,२०,०००।- र अन्य दातृ निकाय तथा संघ/संस्था एवं विविध श्रोत तर्फ रु.६,२८,५०,०००।- समेत गरी जम्मा रु.२६,४०,५२,०००।- को आय तथा व्यय बजेट स्विकृत गर्ने निर्णय गरियो । (**अनुसूचि १** )

**निर्णय नं. २.** आगामी आ.ब. २०७४/०७५ मा संचालनका लागि विभिन्न पूँजिगत शिर्षकहरुमा प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरुका लागि अपेक्षा गरिएको रकम कुनै कारणवश प्राप्त हुन नसकेमा वडास्तरिय योजनामा विनियोजित रकम रु. १,२६,००,०००।-, एकीकृत सम्पत्ति करबाट बिनियोजित रु.९०,००,०००।- र वडागत मर्मत सम्भारका योजनाहरुको रु.१८,००,०००।- देखी वाहेक प्राप्त रकम र योजनाको भारका आधारमा रकम विनियोजन गरी कार्यान्वयनको व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** आ.ब. ०७२/०७३ को अन्तिम लेखापरिक्षण प्रतिवेदन प्रस्तुत भई पारित गरियो । उक्त प्रतिवेदनमा औल्याइएका पेश्की तथा वेरुजु उपर प्रचलित कानून बमोजिम फछ्र्यौटका लागि आवश्यक कारवाही नगरपालिकाले अगाडी वढाउने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४.** आ.व.२०७३/०७४ को अन्तिम लेखा परिक्षण गर्न लेखापरिक्षक नियुक्ती गरी नगरपालिकाले लेखापरिक्षण गराउने व्यवस्था मिलाउन नगरपालिका वोर्डलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०६ र नियम २०९ बमोजिम विभिन्न समयमा पेश्कि बेरुजु कायम भै लगतमा रहेका पेश्कि बेरुजु मध्य संलग्न प्रमाण कागजात एवं हानि नोक्सानी भएको नदेखिएका पेश भए बमोजिम रु.३४,३५,७०४।३० सम्परिक्षण गरि लगत कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.** सहरी शासकीय क्षमता तथा विकास कार्यक्रम (UGDP) को सहयोगमा तयार गरिएको यस नगरपालिकाको राजस्व अभिवृद्धि योजना (REP), मर्मत तथा सम्भार योजना (O & M Plan), स्रोत व्यवस्थापन योजना (AMP) र लगानी योजना (IP) पारित गरियो तथा उक्त प्रतिवेदनहरु उपर आवश्यक कार्यान्वयन गर्ने अधिकार नगरपालिका बोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ८.** नगरपालिकाको निर्णयानुसार विभिन्न बैठकहरुमा सहभागी हुने सदस्यहरुका लागि उपलब्ध गराउँदै आएको बैठक भत्तालाई चालु आ.ब. ०७३/०७४ बाट प्रति वैठक रु. १,०००।- (एक हजार रुपैया) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९.** यस नगरपालिकामा गठीत पदपूर्ति समितिको प्रतिवेदन (२०७३) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.** आ. व. २०७४/०७५ का लागि राजश्व परामर्श समितिको सुझाव सहित पेश हुन आएका कर तथा राजश्वका दरहरुलाई स्वीकृत गर्ने निर्णय गरियो । (**अनुसुची २**)

**निर्णय नं. ११.** यस नगरपालिकाको मिति २०७२ पौष २८ देखि २०७३ पौष २४ सम्मका बोर्ड बैठकबाट भएका नीति तथा निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२.** यस नगरपालिकाको साधन र श्रोतबाट मात्र सम्पन्न हुन नसक्ने **अनुसूची "३"** बमोजिमका योजनाहरुलाई केन्द्रीय स्तरका योजनाको रुपमा तथा **अनुसूची "४"** बमोजिमका योजनाहरुलाई जिल्ला स्तरीय योजनाका रुपमा कार्यान्वयन गर्न जिल्लामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३.** यस नगरपालिकाका लागि आगामी आ.ब. २०७४/०७५ को लागि आवश्यक पर्ने सरसामान खरिद प्रयोजनका लागि तयार भएको आ.ब. २०७४/०७५ को वार्षिक खरिद योजना स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.** लेखनाथ नगरपालिका कार्यालयमा कार्य बोझको आधारमा हाल कर्मचारी दरवन्दी कम भएको देखिएको भएतापनि आवश्यक दरवन्दी थप स्वीकृतीका लागि सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा लेखि पठाएको अवस्थामा हाल स्वीकृत भै नआएको हुँदा उक्त प्रस्ताव स्वीकृत भै आएपछि सोहि अनुसार हुनेगरि **अनुसूची ५** बमोजिमका कर्मचारी दरवन्दी र संगठन तालिकालाई स्वीकृत गरि उक्त दरवन्दी अनुसार रिक्त र विज्ञापनमा रहेका दरवन्दीहरुलाई छिटो, छरितो, समावेसी र ऐन नियम वमोजिम पदपुर्ति गर्न नगरपालिका लाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५.** नगरपालिकामा हाल कार्यरत जनशक्तिले मात्र नगरपालिकाको दैनिक सेवा प्रवाह एवं स्विकृत वार्षिक योजना तथा कार्यक्रम सम्पन्न गर्न जनशक्तिको अभाव हुन गएमा औचित्यताका आधारमा नगरपालिकालाई अत्यावश्यक सेवा करारवाट लिने निर्णय गरियो ।

**निर्णय नं. १६.** यस नगरपालिकाको आ.ब.२०७४/०७५ का लागि तयार गरिएको वार्षिक कार्ययोजना तथा वार्षिक कार्य तालिका (क्यालेण्डर) स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७.** नगर क्षेत्रभित्र विगतमा निर्माण सम्पन्न भै चालु सडकहरु भत्की विग्री जिर्ण भएर मर्मत सम्भार गर्ने व्यवस्थाका लागि नगरस्तरिय वार्षिक सडक मर्मत योजना (M-Armp) स्विकृत गर्ने निर्णय गरियो । साथै वडा स्तरमा मर्मत सम्भार कोषको गत आ. व. बाट व्यवस्था गरिएकोले वडा स्तरका स-साना मर्मत सम्भारका योजना सोही कोषबाट सम्बोधन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १८.** यस नगरपालिका क्षेत्रभित्र वार्षिक नगर योजना अर्न्तगत रही आ.व. ०७२/०७३ **मा सम्पन्न** भएका **अनुसूची ६** बमोजिमको उल्लेखित योजना तथा कार्यक्रमहरुको जाँचपास र फरफारक लाई अनुमोदन गर्ने र **अनुसूची ७** वमोजिमका योजना तथा कार्यक्रमहरु कन्टीन्जेन्सी खर्चवाट कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९.** यस लेखनाथ नगरपालिकामा थप व्यवस्थित वसपार्क निर्माण भै संचालनमा आइनसकेको अवस्थासम्मका लागि वडा नं. ११ को वेगनासताल वसपार्कलाई नगरवसपार्कका लागि तोक्ने र

उक्त नगर वसपार्कलाई व्यवस्थित रुपमा संचालनका लागि स्थानीय संघसंस्थासँग आवश्यक समन्वय गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २०.** नगरपालिकामा आइपर्न सक्ने अग्निजन्य प्रकोप व्यवस्थापन गर्न यस नगरपालिकालाई प्राप्त वारुणयन्त्रको संचालन एवं व्यवस्थापन गर्न छिमेकी पोखरा उप-महानगरपालिकासँग साँझेदारी एवं सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१.** वडा सेवाकेन्द्र, टोल विकास संस्था तथा वडा नागरीक मञ्चहरुको क्षमता अभिवृद्धि गरी उनिहरुको सहयोगमा नै यस नगर भित्र रहेका घर तथा जग्गा धनिहरुले घर तथा जग्गा भाडामा लगाए बापत नगरपालिकालाई नियम अनुसार बुझाउनु पर्ने २ प्रतिशतको बहाल कर लाई प्रभावकारी ढङ्गले संकलन गर्न व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. २२.** यस नगरपालिकामा रहेका तालहरुको समुचित उपयोग गर्ने तथा तालहरुको संरक्षण तथा बिकासका लागि निजि क्षेत्र सँगको सहकार्य एवं भाडामा दिने सम्बन्धि कार्य गर्न नगरपालिका वोर्ड वैठकलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३.** यस नगरवाट संचालित योजना तथा कार्यक्रम एवं नगरपालिकावाट प्रदान गरिने सेवा प्रवाह समेतका विषयमा गरिएका सार्वजनिक सुनुवाई प्रतिवेदन २०७२/२०७३ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४.** नगरमा श्रृजना हुने फोहर मैला संकलन, वर्गिकरण एवं व्यवस्थापन गर्न संभाव्य स्थानमा फोहर मैला प्रसोधन केन्द्र निर्माण गर्न नेपाल सरकार एवं सम्वन्धीत दातृ संघ संस्थासँग आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णयका साथै उल्लेखित व्यवस्था कार्यान्वयन नहुँदासम्म पो.उ.म.न.पा. संग समन्वय गरी फोहोरमैला व्यवस्थापन गर्ने र समग्र पोखरा उपत्यकाको लागि सेनिटरी ल्याण्डफिल साइटको जग्गा पहिचान, सेनिटरी ल्याण्डफिल साइटको निर्माण गरी फोहोरमैला बाट उर्जा उत्पादन गर्ने र वितरण समेतको व्यवस्थापन मिलाउन सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५.** नगरपालिकाको वस्तुस्थिती बार्षिक कार्यक्रम र नागरिक वडापत्र लगायत सुचनाहरु समेत रहने गरि प्रत्येक वर्षको चैत्र महिना भित्र आगामी बर्षको तिथि मिति सहितको भित्ते पात्रो ( Calender) प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २६.** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्था अर्न्तगत रही भएको यस नगरपालिकाको वार्षिक जिन्सी निरिक्षण प्रतिवेदन २०७२/०७३ लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७.** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ को दफा २७३ क बमोजिम सार्वजनिक नीजि साँझेदारी प्रवर्द्धन समितिलाई क्रियाशिल तुल्याउने निर्णय गरियो ।

**निर्णय नं. २८.** नगरपालिकामा सेवा ग्रहणका लागि आउने सेवाग्राहीको सहजता एवं शुसासन व्यवस्थापनका लागि तयार गरिएको नागरिक वडापत्र २०७३ लाई स्वीकृत गरी Digital Citizen Charter Board लाई अनुमोदन गरी क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु गर्ने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २९.** नगरमा गरिने विभिन्न समुदायको अन्तिम संस्कार कार्यलाई थप व्यवस्थित वनाई नगरवासीहरुको परम्परागत चालचलन एवं संस्कृतीलाई अक्षुणता दिने समेत उद्देश्यका साथ पवित्र सेती नदी किनारका निम्न स्थानहरुलाई दाह संस्कार स्थल (मशानघाट) का रुपमा तोक्ने र थप व्यवस्थित गर्दै जाने निर्णय गरियो ।

क) मोक्षघाट वडा नं. १

ख) मरेखरे वडा नं. २

ग) लामेआहाल वडा नं. १३

घ) सतीघाट–मुसेटुडा वडा नं. १२

**निर्णय नं. ३०.** नगरपालिका क्षेत्रमा छाडा रुपमा छाडिएका दोपाया–चौपाया एवं अन्य पशुपक्षि सार्वजनिक स्थानमा मरेका पशुपक्षिलाई सम्बन्धीत वडा क्षेत्रमा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३१.** यस नगरपालिकाले नगरक्षेत्र भित्र संचालन गर्ने विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरुलाई व्यवस्थित एवं एकरुपता ल्याउन खर्च सम्वन्धी नर्म्स चालु आ. ब. देखी लागु हुने गरी स्विकृत गर्ने निर्णय गरियो । (**अनुसूची ८**)

**निर्णय नं. ३२.** सार्वजनिक जग्गा संरक्षण समितिको प्रतिवेदन-२०७३ स्वीकृत गर्ने र सो समितिमा निम्नानुसार पुर्नगठन गर्ने निर्णय गरियो ।

**तपशिल**

१. नेपाली कंग्रेस प्रतिनिधि

२. नेपाल कम्युनिस्ट पार्टी एमाले प्रतिनिधि

३. माओवादी केन्द्र प्रतिनिधि

४. इन्जिनियर श्री जनन्नाथ कोइराला

५. कानुन अधिकृत श्री राममणी अधिकारी

**निर्णय नं. ३३.** यस नगरपालिकाले तयार गरेको विभिन्न नीति, निर्देशिका कार्यबिधि एवं विनियमावलीहरु पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४.** लेखनाथ नगरपालिकाको आन्तरिक श्रोत बृद्धिका लागि आम्दानीका श्रोतहरु परिचालन गर्ने र कर, दस्तुर, सेवा शुल्कको दररेट निर्धारण गर्ने अधिकार नगरपालिका वोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ३५.** पोखरा उपत्यकाको बढ्दो सवारी साधनहरुको चापलाई मध्यनजर गरि यस लेखनाथ नगरपालिकाको वडा नं १३ को गढी क्षेत्रमा क्षेत्रिय बस टर्मिनल निर्माण गर्न नेपाल सरकार एवं अन्य दातृ निकायहरुसंग आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६.** यस नगरपालिकाको वडा नं ५ सिललिङ्गे वगैचा क्षेत्रमा एक अत्याधुनिक अन्तराष्ट्रिय स्तरको सम्मेलन केन्द्र स्थापना गर्नका लागि नेपाल सरकार तथा अन्य दातृ संस्थाहरुसंग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७** नगरपालिकाबाट संचालन हुने सम्पूर्ण कार्यक्रमहरुको खर्च सार्वजनिक पश्चात मात्र भुक्तानी दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३८** कविशिरोमणि लेखनाथ पौड्यालको जन्मस्थलको रेखदेखका लागि खटाईने जनशक्ति तथा व्यवस्थापनका लागि कवि शिरोमणि जन्मस्थल विकास समितिलाई बार्षिक रुपमा रु. ९०,०००।- र साविक भरतपोखरी हाल लेखनाथ नगरपालिका वडा नं १६ र १८ को भरतपोखरी खानेपानी योजनाका लागि खटिने जनशक्ति तथा व्यवस्थापनका लागि बार्षिक रुपमा रु. ४८,०००।- रुपैया भरतपोखरी खानेपानी तथा सरसफाई मुल समितिलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३९** कर्मचारीको सेवा सुविधा बारे अध्ययन गरी प्रतिवेदन पेश गर्न २३ औं नगरपरिषदबाट गठन भएको समितिलाई क्रियाशिल बनाई कार्यान्वियनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४०** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ अनुसार अध्यावधिक गरी आ.ब. ०७४/०७५ को लागि कायम हुन आएको तपशिल बमोजिमको नामावली कार्यविधिको बुँदा १९ (१) अनुसार सार्वजनिक गर्ने निर्णय गरियो । **(अनुसूची ९)**

**निर्णय नं. ४१** लेखनाथ नगरपालिकाको सामजिक परीक्षण प्रतिबेदन, २०७३ उपर छलफल गरी उक्त प्रतिबेदन लाई स्वकृत गरी प्राप्त सुझावहरु लाई कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४२.** लेखनाथ नगरपालिका कार्यालयका कर्मचारीहरुको आ.ब. २०७४/०७५ तलबी प्रतिबेदन पास गर्ने निर्णय गरीयो । **(अनुसूची १०)**

**निर्णय नं. ४३.** यस नगर क्षेत्रमा बेगनास ताल बस संचालक समितिबाट प्रदानित सेवाका लागि उक्त संस्थालाई धन्यवाद ज्ञापन गर्दै नगर क्षेत्र भित्र परिक्रमा गर्ने तथा कार्यालय समयमा नगरपालिका कार्यालयलाई केन्द्र बनाई बस सेवा उपलब्ध गराउन र छिमेकी पोखरा उपमहानगरपालिकाको बैदाम वाराही चोक देखी यस नगरपालिकाको बेगनासताल बसपार्कसम्म नियमित बस सेवा संचालन गरेकोमा बिशेष धन्यवाद ज्ञापन गर्ने र अन्य आवश्यक स्थानमा समेत नियमित बस सेवा संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४.** बालमैत्री स्थानीय शासन अवलम्वन गरेको यस नगरपालिका लाई आवश्यक सम्पूर्ण पूर्वाधार तयार गरी वि.स. २०७४ साल भित्र बालमैत्री स्थानीय शासन लागू भएको नगरपालिकाको रुपमा घोषण गर्ने निर्णय गरियो । साथै बालवालिकाको क्षेत्रमा १५% बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५** नगरपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको स्थानीय स्वायत्त शासन नियमावली २०५६ को आठौं संसोधन अनुसार बढुवा भै पद समायोजन गर्नु पर्ने अवस्था आएमा त्यस्तो पद सृजना गरी समायोजन गर्ने अख्तियारी नगरपालिका बोर्डलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ४६** यस लेखनाथ नगरपालिकामा हाल करारमा कार्यरत कर्मचारीहरुलाई अर्को व्यवस्था नभएसम्मका लागि उक्त सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४७** नगर स्वास्थ्य केन्द्र संचालन सहयोगका लागि लेखनाथ नगरपालिकाबाट भैरहेको सहयोगलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४८** नगरपालिकाको हरेक बर्ष सम्पन्न हुने नगरपरिषदमा वडा भेला लगायतका विभिन्न चरणका कार्यक्रमहरुमा नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु परिचालित हुने हुँदा नगरपरिषदको तयारीको कार्यमा खटिने कार्यालय प्रमुख लगायत नगरपालिका कार्यालयका कोष तर्फ कार्यरत कर्मचारीहरुलाई आधा महिनाको शुरु तलव स्केल बमोजिमको रकम सहुलियत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ४९** यस लेखनाथ नगरपालिका क्षेत्रभित्र रहेका शिव गोरखक्षनाथ पिठ, देउराली कोट भैरव, बेगनास कोटवारी चण्डी कोट मन्दिर, कालिका मन्दिर, चन्द्रकालिका जस्ता पुरातात्वीक महत्वका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५०** बेगनासतालमा दिगो पर्यटन विकास तथा आय आर्जन गर्ने प्रमुख उद्देश्यका साथ आधुनिक जलयात्रा संचालन तथा व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं ५१** नेपाल सरकारको बार्षिक योजनामा स्विकृत कार्यक्रम अनुसारको Pork Park यस लेखनाथ नगरपालिकाको वडा नं. १६ मा स्थापना गर्न आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ५२** यस नगरपालिकाको वडा नं. १४ सातमुहाने गगनगौंडा जाने चोकबाट नहर हुँदै राम मन्दिर जाने नहर मार्गको लागि (६+२=८ मि.) मापदण्ड कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं ५३** यस नगरपालिकाले यस पूर्व स्विकृत मापदण्ड बमोजिम नक्सा पास स्वीकृत गरीसकेकोमा Structural Engineer को सिफारिसमा जम्मा जम्मी साढे दुईतला सम्मको नक्सापास स्विकृत गर्ने निर्णय गरियो ।

यस लेखनाथ नगरपालिकाको २४ औं नगरपरिषद सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण राजनितिक दलका प्रतिनिधि, नागरिक समाज, उद्यमी ब्यबसायी, नगरवासी संचारकर्मीज्यूहरु एवं परिषदका लागि खट्ने सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

उपरोक्तानुसारको निर्णयहरु सर्वसम्मतीबाट गरि अध्यक्ष ज्यू को आदेशानुसार नगरपरिषद्को बैठक आज मिति २०७३ पौष २५ गते समापन गरियो ।

धन्यवाद